नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

कान्ति बाल अस्पताल विकास समितिको करार सेवामा पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।११।०४)

कान्ति बाल अस्पताल विकास समिति तर्फ रिक्त रहेका स्वास्थ्य सेवाका देहाय बमोजिमका विशेषज्ञ मेडिकल अधिकृत पदहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले पदपूर्ति समितिको मिति २०७२।१०।२२ गतेको निर्णय अनुसार निम्न योग्यता पुगेका उम्मेदवारहरुबाट लोक सेवा आयोगद्वारा निर्धारित ढाँचाको फाराममा १५ (पन्ध) दिनभित्र दरखास्त आह्वान गरिन्छ।

| क.सं. | वि.नं. | पद, तह र समूह | माग पद संख्या | परीक्षाको किसिम |
|---|---|---|---|---|
| १ | ८/०७२-७३ | मेडिकल अधिकृत (आठौं), पेडियाट्रिक सर्जरी | १(एक) | अन्तरवार्ता |
| २ | ९/०७२-७३ | मेडिकल अधिकृत (आठौं), पेडियाट्रिक्स | २(दुई) | अन्तरवार्ता |
| ३ | १०/०७२-७३ | मेडिकल अधिकृत (आठौं), रेडियोलोजी | १(एक) | अन्तरवार्ता |

१.सम्पर्क मिति :- २०७२।११।२१ कार्यालय समयभित्र।

२.परीक्षाको मिति र परीक्षा केन्द्र :- सम्पर्क मितिमा प्रकाशित गरिनेछ।

३.परीक्षा दस्तुर :- रु. ९००।- (नौ सय मात्र)

४.दरखास्त पेश गर्ने प्रक्रिया र स्थान :- निर्धारित फारम भरी सम्पुर्ण प्रमाणपत्रहरुको प्रतिलिपीमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल सही छ भनी दस्तखत गरी कान्ति बाल अस्पतालको हिमालयन बैंक, महाराजगंज शाखामा रहेको चल्ती खाता नं. ००२००५७३९३००१७ मा रकम बुझाएको भौचर समेत फाईलमा संलग्न राखी कान्ति बाल अस्पताल कार्यालयको प्रशासन शाखामा कार्यालय समयभित्र बुझाई प्रवेशपत्र लैजानुपर्नेछ।

५.दरखास्त दिने अन्तिम मितिः- २०७२।११।१९ (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) सो अवधि पछि दोब्बर दस्तुर लिई आवेदन लिने व्यवस्था गरिएको छैन।

६.उमेर :- दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पूरा भएको।

७.पदमा रही गर्नुपर्ने कार्यालय र कामको विवरणः- कान्ति बाल अस्पताल, महाराजगंज र सेवा, समूह, सम्बन्धी।

८. तलब स्केलः- नेपाल सरकारको स्वास्थ्य सेवा तर्फका आठौं तहको लागि निर्धारित सुरु स्केल बमोजिम।

९) आवश्यक न्यूनतम योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उत्तीर्ण गरी वि.नं.८/०७२-७३ को हकमा पेडियाट्रिक सर्जरी विषयमा एम.डी./एम.एस. गरी नेपाल मेडिकल काउन्सीलमा विशेषज्ञ दर्ता भएको, वि.नं. ९/०७२-७३ को हकमा पेडियाट्रिक्समा एम.डी. गरी नेपाल मेडिकल काउन्सीलमा विशेषज्ञ दर्ता भएको र वि.नं. १०/०७२-७३ को हकमा रेडियोलोजीमा एम.डी. गरी नेपाल मेडिकल काउन्सीलमा विशेषज्ञ दर्ता भएको हुनुपर्नेछ।

१०. सूचनामा उल्लेख नभएका विषयको सम्बन्धमा थप कुरा बुझ्नु परेमा कान्ति बाल अस्पतालको प्रशासन शाखा वा फोन नं. ४४११५५० मा सम्पर्क गर्न सकिनेछ।

(**नोटः** यस अस्पतालको मिति २०७२।०६।१५ गतेको विज्ञापन बाट पदपूर्तिको लागि दरखास्त संकलन गरी मिति २०७२।०७।२१ को निर्णयानुसार स्थगित गरिएको मेडिकल अधिकृत (ग्यास्ट्रो इन्टेरोलोजी) पदको विज्ञापन पदपूर्ति नगर्ने गरी रद्द गरिएको छ।)